इमेल – *chulachuli.ruralmunicipality@gmail.com*

# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चुलचुली, इलाम
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या (क.प्र.) :२०७७/०७८ मिति (Date) : २०७८/३/१३
च. नं.(Ref.No.) :

### स्थानीय पूर्वाधार विकास शुल्कसम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ)मा भएको व्यवस्था र चुलाचुली गाउँसभाबाट पारित करसम्बन्धी तपशीलमा उल्लेखित सडकहरुबाट आ.व. २०७८/०७९ का लागि **स्थानीय पूर्वाधार विकास शुल्क** २०७८ श्रावण १ गतेबाट २०७९ असार मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपशीलको शर्तहरुको अधिमा रही इच्छुक फर्म, व्यक्ति वा कम्पनीहरुले तोकिएको अवधिभित्र रीतपूर्वकको शिलबन्दी बोलपत्रमा भागलिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

<table>
<tr><th>ठेक्का नं.</th><th>सडकको नाम</th><th>ठेक्काको किसिम</th><th>न्यूनतम कबोल अङ्क</th><th>बोलपत्र फारम दस्तुर</th><th>ठेक्का अवधि</th></tr>
<tr><td rowspan="6">४१/२०७७/०७८</td><td>चुलाचुली गाउँपालिका वडा नं. १ को निम्न सडक<br>(क) माङ्तोक मार्ग<br>(ख) शहिद गेट<br>(ग) हात्तिलेदा शर्मिलाचोक दक्षिण मार्ग</td><td rowspan="6">स्थानीय पूर्वाधार विकास शुल्क</td><td rowspan="6">रु. ७,००,०००।- सातलाख मात्र)</td><td rowspan="6">१०००। (एक हजार मात्र)</td><td rowspan="6">२०७८ श्रावण १ बाट २०७९ असार मसान्तसम्म</td></tr>
<tr><td>चुलाचुली गाउँपालिका वडा नं. २ को निम्न सडक<br>(क) कमल गाउँपालिका केर्खा बजार उत्तर सडक<br>(ख) खत्रीचोक दक्षिण लखनपुर पाडाजुंगी मार्ग<br>(ग) कमल गाउँपालिका झापा, चुलाचुली मोड उत्तर</td></tr>
<tr><td>चुलाचुली गाउँपालिका वडा नं. ३ को निम्न सडक<br>(क) सामुदायिक स्वस्थ्य इकाई हुँदै पिडियो टोल दक्षिण लखनपुर पाडाजुगी सडक<br>(ख) प्रहरी चौकी एकलब्यू हुँदै लखनपुर सडक</td></tr>
<tr><td>चुलाचुली गाउँपालिका वडा नं. ४ को निम्न सडक<br>(क) आँखाशिविर उत्तर सिम्ले महमाई सडक<br>(ख) आइतबारे हुँदै कमल गाउँपालिका झापा जोड्ने सडक<br>(ग) कृषी सडक हुँदै एकता टोल चौबाटो मार्ग</td></tr>
<tr><td>चुलाचुली गाउँपालिका वडा नं. ५ को निम्न सडक<br>(क) बेलडागी-चपेटी-माङ्सेबुङ्ग-दमक-रबी-चिसापानी सडक फाल्गुनन्द मार्ग<br>(ख) बुकुवा बेलडाँगी सडक</td></tr>
<tr><td>चुलाचुली गाउँपालिका वडा नं. ६ को निम्न सडक<br>(क) दमक मावा साकफारा सडक<br>(ख) संगम चोक तोरीबारी मधुमल्ल सडक<br>(ग) जीवनचोक तोबिरी मधुमल्ला सडक<br>(घ) दशमी कालापानी मोरङ सडक</td></tr>
</table>

१. बोलपत्र फारम रु. १०००। (फिर्ता नहुने) कुभाई सूचना प्रकाशन भएको १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिन्छ र बोलपत्र फारमसाथ असुल गर्न पाउने दररेट र असुली मापदण्ड समेत उपलबध गराइने छ ।
२. यस कार्यालयको छाप र प्रमुखको दस्तखत नभएको बोलपत्रलाई मान्यता दिइने छैन र फोटोकपी बोलपत्र फारम स्वीकार्य हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

३. बोलपत्रदाताले १६ औं दिन दिनको १२ बजेभित्रमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ र बोलपत्र सोही दिनको २ बजे ठेकेदार स्वयम् वा निजको प्रतिनिधिको रोहबारमा खोलिने छ । सो समयमा ठेकेदार स्वयम् वा निजको प्रतिनिधि उपस्थिति नभएमा बोलपत्र खोल्न कुने बाधा पर्ने छैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि गरिनेछ ।

४. स्थानीय तहको आयसम्बन्धी ठेकक बन्दोबस्त गर्दा अनिवार्य रुपमा स्थाइ लेखा नं. लिएका वा मु.अ.करमा दर्ता भएका व्यक्ति फर्म वा कम्पनीलाई मात्र दिने व्यवस्था भएकोले यस कार्यालयबाट ठेक्का सम्बन्धी बोलपत्र खरिद गर्दा सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीले कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फारम साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा आफूले कबोल गरेको ठेकका अंकको १० प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एन्.एम्.बि. बैंक चुलाचुलीमा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा नगद दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट चुलाचुली गाउँपालिकाको नाममा जारी गरिएको कम्तीमा ७५ दिन मान्य अवधि भएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

६. शिलबन्दी बोलपत्रको खाममा ठेक्काको नाम, नम्बर र बोलपत्रदाताको नाम, ठेगाना र मोबाइल नम्बर स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

७. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुबै प्रष्ट उल्लेख गर्नुपर्नेछ । कुनै व्यहोरा सच्चयाइएको ठाउँमा बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । अंकर र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

८. यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएका ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति, फर्म वा संस्थाको बोलपत्र स्वीकृत हुने छैन ।

९. ठेक्का सञ्चालनका सिलसिलामा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयम्ले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन ।

१०. बोलपत्र स्वीकृत भएपछि कबोल रकम ३ किस्तामा बुझाउनु पर्नेछ । ठेक्का रकम अग्रीम एकमुष्ठ बुझाउन चाहेमा कूल कबोल अंकको १० प्रतिशत रकम छुट दिइने छ ।

११. ठेकेदारले गाउँपालिकाले तोकेको सडकहरुबाट मात्र तोकिएको दररेट अनुसार शुल्क असुन गर्नु पर्नेछ । तोकिएको दररेट भन्दा बढी रकम असुल गरेको पाइएमा नियमानुसार कारबाही गरिने छ ।

१२. ठेक्का सञ्चालनमा कुनै बाधा अड्चन आइपरेमा वा ठेकेदारले र कार्यालयबीचमा विवाद भएमा प्रचलित ऐन, नियम एवम् सम्झौताको परिधिभित्र रही गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१३. यस ठेक्का सम्बन्धी बिस्तृत जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**माथि उल्लेख भएका सडकहरुमा गुड्ने सवारी साधनहरुलाई निम्न दररेटअनुसार शुल्क उठाउनु पर्नेछ**

| क्र.सं. | सवारीको किसिम | रु. |
|---|---|---|
| १. | बस, ट्रक, लरी | ५०। |
| २. | जीप, मिनि बस | ४०। |
| ३. | ट्रयाक्टर | ४०। |
| ४. | कार/म्याजिक भेन | २०। |
| ५. | टेम्पो | १५। |
| ६. | ठेला गाडी तथा सिटिसफारी | १०। |

प्रमुख प्रशासकीय अधिकृत